# राप्ती सोनारी राजपत्र

## राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या १५ मिति २०८०/०४/२७

### भाग २

राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

बाढी पूर्वकार्य कार्ययोजना,२०८०

राप्ती सोनारी गाउँपालिका

प्रमाणीकरण मिति २०८०/०४/२७

राप्ती सोनारी गाउँपालिका

# बाढी पूर्वकार्य कार्ययोजना

२०८०



## विषय सूची


१. परिचय ..... ५

२. उद्देश्य ..... ५

३. मुख्य कार्यान्वयन कर्ता ..... ६

४. जोखिम विश्लेषण ..... ७

४.१ प्रकोप छनौट ..... ७

४.२ प्रकोप प्रभावित स्थान ..... ७

४.३ क्षेत्रगत असर ..... ८

४.४ संकटासन्नता ..... ९

५. ट्रिगर ..... १०

५.१ तत्परता चरण ..... १०

५.२ सक्रियता चरण (दुई चरणमा) ..... ११

६. बाढी पूर्वकार्यको छनौट ..... १२

६.१ पूर्वकार्यको छनौट प्रकृया ..... १२

६.५ छनौट गरिएका पूर्वकार्यहरु ..... १२

६.६ यदि मौसम पूर्वानुमानले बताए बमोजिम मौसमी अवस्था नभएको सन्दर्भमा पनि छनौट गरिएका अग्रीम प्रतिकार्यहरु कार्यान्वयन पश्चात के फाइदा वा घाटा पुग्न सक्दछ भन्ने विश्लेषण ..... १३

७. लाभग्राही छनौट र दर्ता ..... १४

७.१ लाभग्राही दर्ता प्रकृया ..... १४

८. अग्रीम प्रतिकार्य कार्यान्वयन प्रकृया ..... १५

८.१ तयारी ..... १५

८.२ कार्यान्वयन ..... १५

८.३ अनुगमन तथा मुल्याङ्कन ..... १६

९.गुनासो व्यवस्थापन संयन्त्र ..... १६

१०. लागत तथा बजेट व्यवस्थापन ..... १६

## १. परिचय

यो बाढी पूर्वकार्य कार्ययोजना राप्ती सोनारी गाउँपलिका भई बहने पश्चिम राप्ती नदिमा आउने बाढीले गर्ने सम्भावित क्षति पूर्वानुमानमा आधारित पूर्वकार्य कार्यान्वयनको लागि तयार गरिएको हो । यसमा बाढी जोखिम विश्लेषण, थ्रेसहोल्ड तथा ट्रिगर, पूर्वकार्यहरुको सूची, पूर्वसहमत लाभग्राही छनौट मापदण्ड तथा प्रकृया, कार्यान्वनय प्रकृया, अनुमानित लागत, अनुगमन तथा मुल्याङ्कन प्रकृया र मुख्य कार्यान्वयनकर्ताहरु समावेश गरिएको छ ।

राप्ती सोनारी जनसंख्याको हिसाबले नेपालको दोश्रो ठूलो गाउँपालिका हो । यो गाउँपालिकाको अधिकांश क्षेत्र लुम्बिनी प्रदेश, बाँके जिल्लाको उत्तर भावर क्षेत्रमा अवस्थित छ। यो गाउँपालिकामा नौ वटा वडा रहेका छन्। यस गाउँपालिकाको कुल क्षेत्रफल १०४१.७३ वर्ग कि.मि रहेको भने २०७८ सालको राष्ट्रिय जनगणना अनुसार यो गाउँपालिकामा १५४९१ परिवारका ६७७८२ जनसंख्या रहेको छ । पश्चिम राप्ती नदि यस गाउँपालिका भई बग्ने सबैभन्दा ठूलो नदी हो ।

## २. उद्देश्य

यस बाढी पूर्वकार्य कार्ययोजनाको मुख्य उद्देश्य पश्चिम राप्ती नदिमा आउने बाढीले पुऱ्याउन सक्ने क्षतिको पूर्वानुमान र उपलब्ध समयको आधारमा राप्ती सोनारी गाउँपालिकामा बाढीको प्रभाव तथा असर मानिस तथा सम्पत्तिमा पूर्णरुपमा पर्नु भन्दा अगावै न्यूनीकरण गर्नु रहेको छ ।

## ३. मुख्य कार्यान्वयन कर्ता

### राप्ती सोनारी गाउँपालिका

यस बाढी पूर्वकार्य कार्ययोजनाको मुख्य कार्यान्वयनकर्ता राप्ती सोनारी गाउँपालिका रहने छ। स्थानीय विपद् व्यवस्थापन ऐन र सोसँग सम्बन्धित नीतिगत व्यवस्था एवं स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई दिएको विपद् व्यवस्थापन सम्बन्धि संयुक्त एवं एकल अधिकारलाई प्रयोग गर्दै राप्ती सोनारी गाउँपालिकाले यस कार्ययोजना स्वीकृत गरी कार्यान्वयनकर्ताको मुख्य जिम्मेवारी लिएको छ ।

### सेभ द चिल्ड्रेन

यस बाढी पूर्वकार्य कार्ययोजनाको मुख्य सहयोगीको रुपमा सेभ द चिल्ड्रेन रहने छ । सेभ द चिल्ड्रेन, नेपाल सरकारको विकास साझेदार संस्था हो जसले विकास र विपद्सँग सम्बन्धित दुबै काम गर्ने अधिकार पाएको छ र हाल राप्ती सोनारी गाउँपालिकामा बाढी लगायत विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनसँग सम्बन्धित परियोजनाको साझेदारको रुपमा काम गरिरहेको छ ।

### सामाजिक विकास मञ्च

सेभ द चिल्ड्रेनको साझेदार संस्थाको रुपमा सामाजिक विकास मञ्च, बाँके यस बाढी पूर्वकार्य कार्ययोजनाको सहायक कर्यान्वयनकर्ताको रुपमा रहने छ। राप्ती सोनारी गाउँपालिकासँग नियमित सहकार्य गरेर कार्ययोजना कार्यान्यन गर्नु सामाजिक विकास मञ्चको जिम्मेवारी रहने छ ।

### नेपाल रेडक्रस सोसाइटी, राप्ती सोनारी उपशाखा

मानवीय संस्थाको रुपमा नेपाल रेडक्रस सोसाइटी राप्ती सोनारी गाउँपालिका अन्तर्गत रहेका कुसुम, कचनापुर र सोनारी उपशाखा यस बाढी पूर्वकार्य कार्ययोजना कार्यान्वयनको हिस्सा रहने छन् । राप्ती सोनारी गाउँपालिकाले आवश्यकता बमोजिम नेपाल रेडक्रस राप्ती सोनारी गाउँपालिका अन्तर्गतका उपशाखाहरुसँग समन्वय र सहकार्य गर्नेछ ।


### रेडक्रस रेड क्रिसियन्ट क्लाइमेट सेन्टर

रेडक्रस रेडक्रिसियन्ट क्लाइमेट सेन्टर यस बाढी पूर्वकार्य कार्ययोजनाको लागि प्राविधिक सहयोगीको रुपमा रहने छ ।

## ४. जोखिम विश्लेषण

### ४.१ प्रकोप छनौट


पश्चिम राप्ती नदिको तल्लो तटिय क्षेत्रमा पर्ने राप्ती सोनारी गाउँपालिका बारम्बार बाढीको चपेटामा परिरहने स्थान मध्ये पर्दछ । राप्ती सोनारी गाउँपालिका अन्तरगत कुसुम बाढी मापन केन्द्रलाई आधार बनाएर विश्लेषण गर्दा बिगत २० वर्षमा बाढीका घटनाहरु निम्नानुसार रहेको पाइन्छ ।




माथि उल्लेखित तथ्याङ्क बमोजिम राप्ती सोनारी गाउँपालिकामा बाढीले १५ पटक जोखिमता तह पार गरेको देखिएकाले राप्ती सोनारी गाउँपालिका बाढीको उच्च जोखिममा रहेको देखिन्छ ।

### ४.२ प्रकोप प्रभावित स्थान


राप्ती सोनारी गाउँपालिकाको प्रायजसो भागहरु पश्चिम राप्ती नदिले छुने भएकोले गाउँपालिकाको पूरै क्षेत्र बाढीको जोखिम क्षेत्रभित्र रहने देखिन्छ भने नदि छेउका १, २, ३, ६, र ७ नम्बर वडामा भएका बस्तीहरु उच्च जोखिममा रहने देखिन्छ ।


















## ४.३ क्षेत्रगत असर

राप्ती सोनारी गाउँपालिकामा बाढीले विशेषत मानिस, पशुपंक्षी र बालीनालीमा निम्नानुसारको मुख्य असरहरु गरिरहेको पाइन्छ ।

| साल | भौतिक क्षति | मानवीय क्षति | आर्थिक तथा प्राकृतिक क्षति |
|---|---|---|---|
| २०७९ | ६५ घर पूर्ण क्षति<br>२३० घर आंशिक क्षति<br>७९८ विस्तापित | | १२५० घरधुरीको खाद्यान्न क्षति<br>१६५० हेक्टर कृषिबालि क्षति |
| २०७४ | ३१६७ घर पूर्ण क्षति<br>१४३६ घर आंशिक क्षति,<br>१०० घर डुबान, र<br>२ वटा पुलमा क्षति | ४ जना घाइते<br><br>७ जनाको मृत्यु | करिब १३ करोड ५० लाख जतिको खाद्यान्न, घरायसी सामान, खेतिवाली र पशुचौपायाको क्षति<br>६८५ विगाह खेति योग्य जमिन कटान<br>४० विगाहमा धान बाली नष्ट<br>२०० वटा पशुचौपायाको क्षति |
| २०७२ | ९८ घर क्षति | | करिब ९ लाख जतिको खाद्यान्न, खेतिवाली र पशुचौपायाको क्षति |
| २०७१ | १८० घर पूर्ण क्षति<br>१५७४ घर आंशिक क्षति<br>७०० घर डुबान | १ बालक सहित २ जनाको मृत्य | करिब ५ करोड ६० लाख जतिको खाद्यान्न, घरायसी सामान, खेतिवाली र पशुचौपायाँको क्षति<br>७३५ बिगाह खेति योग्य जमिन कटान<br>८५० वटा पशुचौपायाको क्षति |
| २०७० | | १ जनाको मृत्य | करिब ४ करोड जतिको खाद्यान्न, घरायसी सामान, खेतिवाली र पशुचौपायाँको क्षति<br>२५० वटा पशुचौपायाको क्षति |
| २०६६ | | २२ जनको मृत्यु (लाखेनाच हेर्न जाँदा राप्ति नदीमा डुङगा पल्टिएर) | |
| २०६४ | | | ४० लाख जतिको खाद्यान्न, खेतिवाली र पशुचौपायाँको क्षति |
| २०६३ | १७ घर पूर्ण क्षति | १ जनाको मृत्यु | १५० हेक्टर खेति योग्य जमिन कटान |
| २०६१ | ७ घरमा क्षति | | १५ लाख घरायसी समाग्रि, लत्ताकपडा, खाद्यान्न, खेतिवाली र पशुचौपायाँको क्षति<br>५ विगाह खेतियोग्य जमिन, कटान, डुवान |
| २०५९ | | | ४ बिगाह खेति योग्य जमिन कटान |
| २०५५ | ७० घर विस्थापित<br>१ विद्यालय विस्थापित | | |
| २०५३ | | | २ बिगाहा कटान |
| २०५२ | ५० घर भत्किए | | ६० लाख जतिको खाद्यान्न, खेतिवाली र पशुचौपायाँको क्षति |
| २०५१ | १५ घरमा क्षति | | २० लाख घरायसी समाग्रि, लत्ताकपडा, खाद्यान्न, खेतिवाली र पशुचौपायाँको क्षति<br>२ विगाह खेतियोग्य जमिन, कटान, डुवान |
| २०५० | | २ जनाको मृत्य | १ डुङगा बगाएको |

*श्रोतः राप्ती सोनारी गाउँपालिका, स्थानीय विपद तथा जलवायु उत्थानशील योजना २०७८ र जिल्ला प्रशासन कार्यालय बाँके, प्रारम्भिक द्रुत लेखाजोखा प्रतिवेदन २०७९*


## ४.४ संकटासन्नता

बढीको कारणले राप्तीसोनारी गाउँपालिकामा मानिस र सम्पतिमा परेको असरलाई विश्लेषण गर्दा प्रभाव न्यूनिकरणको सन्दर्भमा निम्नानुसारको पहिलो पाँच समूह प्राथमिकिकरण गर्न सकिने देखिन्छ ।

१. खोला नजिक भएका होचो स्थानका घरपरिवार
२. बाढीले सजिलै क्षति पुऱ्याउन सक्ने कच्ची घर भएका घरपरिवार
३. पूर्ण अपाङ्गता भएका व्यक्तिहरु, ८० बर्ष भन्दा माथिका जेष्ठ नागरिक, सुत्केरी महिला र पाँच बर्ष मुनिका बालिकालिका भएका घरपरिवार
४. एकल महिला भएका घरपरिवार
५. कमजोर आर्थिक श्रोत भएका घरपरिवार

# ५.	ट्रिगर

पश्चिम राप्ती नदिमा विगतमा आएको बाढी र त्यसले पारेको असरलाई विश्लेषण गरि ट्रिगरलाई दुई चरणमा विभाजन गरिएको छ ।




## ५.१ तत्परता चरण

ग्लोबल फ्लड अवेयरनेस सिस्टम ( *GLOFAS* ) ले कुसुम वा बागासोती स्टेशनमा ५०% वा बढीको सम्भावना देखाउँदै अर्को ३ देखि ५ दिनमा २ वर्ष भन्दा बढीको बाढी फिर्ती अवधि प्रवाहको पूर्वानुमान गरेपछि कम्तिमा ३ दिनदेखि अधिकतम ५ दिनको लिड टाइम भएको तत्परता (पूर्व सक्रियता) चरणमा प्रवेश गर्ने छ ।

वा

नेशनल सेन्टर फर मिडियम रेन्ज वेदर फरकास्टिङ (NCMWRF India) बाट वर्षाको पूर्वानुमान अर्थात् तल उल्लेखित कुनै पनि विशेष जानकारीले नेपालको पश्चिमी तराईमा विशेष गरी पश्चिम राप्ती नदी बेसिन र छेउछाउका क्षेत्रहरूमा चरम व्यापक वर्षा हुने भविष्यवाणी गरेपछि कम्तिमा ३ दिनदेखि अधिकतम ५ दिनको लिड टाइम भएको तत्परता (पूर्व सक्रियता) चरणमा प्रवेश गर्ने छ ।

- गम्भीर मौसम अनुगमनले *(Severe weather monitoring)* चरम वर्षा (>९५ प्रतिशत) - पश्चिम राप्ती नदी बेसिन र यसका छेउछाउका क्षेत्रहरू/जलक्षेत्रहरूमा आगामी ३-५ दिनहरूमा बैजनी थोप्लाहरू संकेत गरेपछि ।
- डिटेमिनिस्टिक प्रिडिक्शन सिस्टमले *(Deterministic Prediction System)* पश्चिम राप्ती नदी बेसिन र आसपासका क्षेत्रमा आगामी ३ देखि ५ दिनमा ३०० मिलिमिटरभन्दा बढी वर्षा हुने अनुमान गरेपछि ।
- सम्भाव्यता पूर्वानुमान प्रणालीले *(Probabilistic Prediction System)* आगामी ३ देखि ५ दिनमा ८० प्रतिशतभन्दा बढी सम्भाव्यता सहित भारी वर्षाको भविष्यवाणी गरेपछि ।

## ५.२ सक्रियता चरण (दुई चरणमा)

*(क) पहिलो तहको सक्रियता चरण (नगद र अन्य पूर्वकार्यहरु)*

जब DHM/RIMES बाट सङ्ख्यात्मक मौसम पूर्वानुमान (NWP) वा DHM को कुनै विशेष मौसम सल्लाह/बुलेटिनले पश्चिम राप्ती बेसिन क्षेत्रहरू अर्थात् बाँके, दाङ र प्यूठान जिल्लाहरूमा आगामी ४८ घण्टासम्म चरम र व्यापक भारी वर्षा (२०० मिलिमिटर भन्दा बढी) हुने भविष्यवाणी गरेमा (सुन्तला वा रातो रङले सङ्केत गरेमा) । वा पश्चिम राप्ती पहिले नै तोकिएको चेतावनी स्तर (६ मी.) बाट २ मीटर भन्दा कम चरण स्तरमा बगिरहेको छ भने, पहिलो चरण ४८ घण्टाको अधिकतम लिड टाइम भएको सक्रियता चरणमा प्रवेश गर्नेछ ।

वा

जब DHM बाढी पूर्वानुमान बुलेटिन वा DHM बाट कुनै विशेष बाढी सल्लाहहरू वा बुलेटिनले आगामी ४८ घण्टामा पश्चिम राप्तीको पानीको स्तर कुसुम स्टेशनमा अवस्थित खतराको स्तर (७.८ मी) भन्दा माथि बढ्ने भविष्यवाणी गरेपछि , पहिलो चरण ४८ घण्टाको अधिकतम लिड टाइम भएको सक्रियता चरणमा प्रवेश गर्नेछ ।

*(क) दोश्रो तहको सक्रियता चरण (मानिस र सम्पति स्थानान्तरण सँग सम्बन्धित पूर्वकार्यहरु)*

पश्चिम राप्ती नदिको कुसुम स्टेशनभन्दा माथिको तीन वर्षा स्टेशनहरू मध्ये कुनै पनिमा गत ४८ घण्टामा २०० मी.मी. भन्दा बढी संचयी वर्षा रेकर्ड गरिएको छ र दाङ र प्यूठान जिल्लामा थप भारी वर्षाको पूर्वानुमान गरिएको छ, र पश्चिम राप्ती नदीले आफ्नो विद्यमान चेतावनी स्तर (६ मी.) नाघेको छ भने दाश्रो चरण १२ घण्टाको अधिकतम लिड टाइम भएको सक्रियता चरणमा प्रवेश गर्नेछ ।

वा

पश्चिम राप्ती नदीले कुसुम स्टेशनमा बाहिर निस्कने खतराको स्तर (७.८ मी) पार गरेमा (DHM वास्तविक समय अनुगमन प्रणाली-रिभर वाच अनुसार) र बढ्दो प्रवृत्तिमा देखिएमा दोश्रो चरण ५ घण्टाको अधिकतम लिड टाइम भएको सक्रियता चरणमा प्रवेश गर्नेछ ।

## ६. बाढी पूर्वकार्यको छनौट

### ६.१ पूर्वकार्यको छनौट प्रकृया

#### १. कार्यशाला

राप्ती सोनारी गाउँपालिकामा बाढी पूर्वकार्य छनौटको लागि गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, स्थानीय विपद् व्यवस्थापन समिति तथा सम्बन्धित सबै कर्मचारीहरु, नेपाल रेडक्रस सोसाइटी राप्तीसोनारी उपशाखाहरु, सेभ द चिल्ड्रेन र सामाजिक विकास मञ्च बाँकेका पदाधिकारीहरु सम्मिलित दुई दिने कार्यशाला आयोजना गरिएको थियो । सो कार्यशालामा विशेष गरि राप्ती सोनारी गाउँपालिकामा बाढीको विगत ३० बर्षको ऐतिहासिक समय रेखा र प्रभाव तथा अभ्यास गरिएका प्रतिकार्यहरु र ती प्रतिकार्यहरु मध्ये यदि मौसम वा बाढी पूर्वानुमान उपलब्ध भएको अवस्थामा कस्ता कस्ता पूर्वकार्यहरु गर्न सकिन्छ र प्रभावितहरुमध्ये प्राथमिकिकरण गर्नु परेमा कसरी र कसलाई गर्न सकिन्छ भनि छलफल गरिएको थियो । साथै बाढी पूर्वकार्य कार्ययोजना तयार गर्न तथा मूर्त रुप दिनको लागि एक कार्यदल गठन गरिएको थियो ।

कार्यशालामा छलफल भए बमोजिम राप्ती सोनारी गाउँपालिकाले विगत वर्षहरुमा बाढीमा अभ्यास गरिआएका प्रतिकार्यहरु

- सूचना सम्प्रेशण
- सुरक्षित स्थानमा स्थानान्तरण
- तत्कालै पानी तथा खाद्यान्नको जोहो
- त्रिपाल लगाएत अन्य आवश्यक गैर खाद्य सामग्री वितरण

### ६.२ बाढी पूर्वकार्य कार्ययोजना मस्यौदा तयार

सेभ द चिल्ड्रेनको प्राविधिक सहयोगमा कार्यशालामा निर्णय भए बमोजिमको कार्यदलले बाढी पूर्वकार्य कार्ययोजना तयार गरि स्थानीय विपद व्यवस्थापन समिति समक्ष पेश गरेको थियो ।

### ६.३ कृत्रिम घटना अभ्यास

स्थानीय विपद व्यवस्थापन समितिको निर्णय बमोजिम मस्यौदा कार्ययोजनाको परीक्षण गर्नको लागि बाढी पूर्वकार्यमा आधारित कृत्रिम घटना अभ्यास गरिएको थियो ।  उक्त अभ्यासमा यस कार्ययोजनामा उल्लेखित गतिविधीहरुको प्रयोग गरी यसको समीक्षा गरिएको थियो । उक्त अभ्यास पश्चात यसमा देखिएका सकारात्मक पक्ष र सुधार गर्नु पर्ने पक्ष तथा खाडलहरु पहिचान गरी आवश्यक संसोधन गरि स्थानीय विपद् व्यवस्थापन समितिले मूर्त रुप दिएको थियो ।

### ६.४ कार्यपालिकाको बैठकमा छलफल र स्वीकृत

यस कार्ययोजनालाई स्थानीय विपद् व्यवस्थापन समिति र कार्यपालिकाको बैठकमा आवश्यक छलफल गरी स्वीकृत गरियो ।

### ६.५ छनौट गरिएका पूर्वकार्यहरु

बाढीसँग सम्बन्धित पूर्वकार्यका प्रकारहरु निम्न अनुसार रहेका छन् ।

#### *६.५.१ बाढीबाट बच्ने र सम्पति तथा महत्त्पूर्ण कागजात बचाउने भन्ने जानकारीसहितको सूचना संप्रेषण*

बाढी पूर्वानुमान तत्परता चरणमा प्रवेश गरेमा बाढीबाट बच्ने र सम्पति तथा महत्वपूर्ण कागजात बचाउने भन्ने जानकारीसहितको सूचना संप्रेषण शुरु गरिने छ। यसरी सूचना संप्रेषण गर्दा मौसम पूर्वानुमानमा भएको सन्देश र नेपाल सरकारको सम्बन्धित मन्त्रालय तथा मातहतका निकायहरुले जारी गरेको सूचनालाई आधार मानिने छ। सूचना स्थानीय स्तरमा जडान गरिएको साइरन, रेडियो, माइकिङ, स्थानीय व्यक्तिहरुको संयन्त्र, पर्चा, मोबाईल म्यासेज (एस एम एस वा भ्वाइस) आदि माध्यमबाट संप्रेषण गरिने छ।

### *६.५.२ बाढीबाट अति जोखिममा रहेका व्यक्तिहरु तथा सम्पत्तिको स्थानान्तरण*

बाढी पूर्वानुमान दोश्रो तहको तत्परता चरणमा प्रवेश गरेमा अति जोखिम र संकटासन्न अवस्थामा रहेका घरपरिवारका व्यक्तिहरु र उनीहरुको सम्पति तथा महत्वपूर्ण कागजातलाई स्थानान्तरण गरिने छ। सुरक्षित स्थानान्तरणको स्थान र प्रकृया सम्बन्धित स्थान विशेष सम्बन्धित समुदायले तयार गरेको मानक सञ्चालन प्रकृया बमोजिम गरिने छ। स्थानान्तरणको लागि अन्तिम निर्णय सम्बन्धित सरोकारवालाहरुसँगको छलफल पश्चात गाउँ पालिका अध्यक्ष वा तोकिएको व्यक्तिले लिने छ।

### *६.५.४ नगद वितरण*

बाढी पूर्वानुमान पहिलो तहको सक्रियता चरणमा प्रवेश गरेमा छानिएका घरपरिवारलाई नगद सहायता गरिने छ। नगद सहायता रकम न्यूनतम खर्च टोकरीको आधा रकम वा रु ७५००। प्रति घरपरिवार हुनेछ। नगद सहायताको लागि घरपरिवारको छनौट विधि राप्ती सोनारी गाउँपालिकामा गरिएको विस्तृत घरधुरी सर्वेक्षणको तथ्याङ्कलाई आधार मानि Proxy Means Test (PMT) हुनेछ।

## ६.६ यदि मौसम पूर्वानुमानले बताए बमोजिम मौसमी अवस्था नभएको सन्दर्भमा पनि छनौट गरिएका अग्रीम प्रतिकार्यहरु कार्यान्वयन पश्चात के फाइदा वा घाटा पुग्न सक्दछ भन्ने विश्लेषण

बाढीको सन्दर्भमा बाढी पश्चात धनजनको उच्च क्षति हुने सन्दर्भमा बाढी पूवानुमान पश्चातका पूर्वकार्यहरु जस्तैः सूचना संप्रेषण, स्थानान्तरण र नगद वितरणले मानिसमा तथा सम्पतिमा केहिपनि नकारात्मक असर नगर्ने देखिएकोले कुनैपनि प्रकारको पश्चताप हुने छैन।

## ७. लाभग्राही छनौट र दर्ता

राप्ती सोनारी गाउँपलिकामा बाढी पूर्वकार्यको लागि लाभग्राही छनौटको आधार कार्यशालाले प्राथमिकीकरण गरेबमोजिम निम्नानुसार हुनेछ।

(क). सूचना सम्प्रेषण : सूचना सम्प्रेषण सामान्यतया समुदाय स्तरमा गरिने छ र बाढीको अति जोखिमताको अवस्थामा रहेका समुदायलाई पहिलो प्राथमिकता दिइने छ। साथसाथै, समुदाय भित्र रहेका अति जोखिम व्यक्तिहरुलाई सूचना सुनिश्चित गर्नको लागि विद्यमान सामाजिक सुरक्षा लाभग्राहीको नामावली तथा अन्य सम्बन्धित तथ्याङ्कलाई प्रयोग गरिने छ।

(ख). स्थानान्तरणः स्थानान्तरण सामान्यतया समुदाय स्तरमा गरिने छ र बाढीको अति जोखिमताको अवस्थामा रहेका समुदायलाई पहिलो प्राथमिकता दिइने छ। साथसाथै, समुदाय भित्र रहेका अति जोखिम व्यक्तिहरुको स्थानान्तरण सुचिश्चित गर्नको र उनीहरुको विशिष्टिकृत आवश्यकता सम्बोधन गर्नकोलागि तयारी अवस्था देखिनै विद्यमान सामाजिक सुरक्षा लाभग्राहीको नामावली तथा अन्य सम्बन्धित तथ्याङ्कलाई प्रयोग गरिने छ।

(ग). नगद सहायताः नगद सहायताको लागि घरपरिवारको छनौट विधि राप्ती सोनारी गाउँपालिकामा गरिएको विस्तृत घरधुरी सर्वेक्षणको तथ्याङ्कलाई आधार मानि Proxy Means Test (PMT) हुनेछ। बाढी जोखिममा रहेका सबै घरपरिवारलाई प्राथमिक दर्ता प्रणालीमा

प्रविष्ट गरिने छ र बाढी पूर्वानुमानले देखाएको बाढी फिर्ती सघनता बमोजिमको प्रभाव पर्ने स्थानहरुलाई लक्षित गरि सोहि स्थानको मात्र तथ्याङ्कको आधारमा लाभग्राही छनौट Proxy Means Test (PMT) विधि अपनाई हुनेछ ।

### ७.१ लाभग्राही दर्ता प्रकृया

नगद सहायता कार्यक्रमको लागि मात्र लाभग्राही दर्ताको विस्तृत प्रकृया अपनाइने छ ।

#### *७.१.१ तत्परता चरणमा प्रवेश गर्नुभन्दा अगाडी*

नेपालको बाढी शुरुहुने मौसमी पात्रो अनुसार अंग्रेजी क्यालेण्डर अनुसार जुन महिना अगावै स्थानीय विपद् व्यवस्थापन शाखाले उपलब्ध घरधुरी तथ्याङ्क र सामाजिक सुरक्षा भत्ता संग सम्बन्धित तथ्याङ्कलाई आधार मानि सम्भावित लाभग्राही दर्ता गरिने छ ।

#### *७.१.२ तत्परता चरणमा प्रवेश गरेपश्चात*

बाढी पूर्वानुमानले देखाएको बाढी फिर्ती सघनता बमोजिमको प्रभाव पर्ने स्थानहरुलाई लक्षित गरि सोहि स्थानको मात्र तथ्याङ्कको आधारमा लाभग्राही छनौट Proxy Means Test (PMT) विधि अपनाई हुनेछ र सोहि तथ्याङ्कलाई लाभग्राहीको अन्तिम तथ्याङ्कको रुपमा लिइने छ । साथै सामाजिक सुरक्षा भत्तासँग सम्बन्धित तथ्याङ्कको सन्दर्भमा स्थानीय विपद् व्यवस्थापन शाखाले उपलब्ध सामाजिक सुरक्षा भत्ता कार्यक्रमको अध्यावधिक तथ्याङ्कले पहिलाको तथ्याङ्कलाई प्रतिस्थापन गरिने छ ।

## ८. अग्रीम प्रतिकार्य कार्यान्वयन प्रकृया

### ८.१ तयारी

बाढी अग्रीम प्रतिकार्य प्रभावकारी कार्यान्वयनको लागि तयारी चरणको भूमिका महत्वपूर्ण हुने भएकाले स्थानीय विपद् व्यवस्थापन समितिले निम्न बमोजिमको तयारी चरण अवलम्बन गरेको छ ।

- कार्यदलबाट बाढी पूर्वकार्य कार्ययोजना मस्यौदा तयारी
- बाढी पूर्वकार्यसँग सम्बन्धित कृत्रिम घटना अभ्यास
- कार्यपालिकाबाट निर्णय
- तथ्याङ्क विश्लेषण र लाभग्राहीको पूर्व दर्ता
- सूचना पूर्वकार्य सम्बन्धी सम्पूर्ण तयारी कार्य
- स्थानान्तरण पूर्वकार्य सम्बन्धि सम्पूर्ण तयारी कार्य
- नगद वितरण पूर्वकार्य सम्बन्धि सम्पूर्ण तयारी कार्य
- सामाजिक सुरक्षा बैंक खाता प्रयोगको लागि तयारी कार्य
- सरोकारवाला निकायहरु जस्तै सुरक्षा निकाय, प्रहरी, राष्ट्रिय निकुञ्ज, स्थानीय संघसंस्थाहरु, रेडक्रस आदि संग समन्वय र सहकार्य गर्ने ।

## ८.२ कार्यान्वयन

**तत्परता चरण**

तत्परता चरणमा प्रवेश पश्चात स्थानीय विपद् व्यवस्थापन समितिले सेभ द चिल्ड्रेन, सामाजिक विकास मञ्च र नेपाल रेडक्रस सोसाइटी राप्ती सोनारी उपशाखाहरुको सहयोगमा तोकिएका निम्नानुसारका कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

- तयारी चरणमा तोकिएका सबै कार्यहरु रुजु गर्ने र यदि सम्पन्न नभएको अवस्थामा सबै कार्यहरु सम्पन्न गर्ने
- बाढीको सम्भावित जोखिमबाट मानिसहरु कसरी बच्ने, सम्पत्ति र महत्वपूर्ण कागजातलाई कसरी बचाउने भन्ने जानकारीसहितको सूचना संप्रेषण गर्ने
- लाभग्राहीको तथ्याङ्क अध्यावधिक गर्ने
- सक्रियता चरण अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि सबै तयारी गर्ने

**सक्रियता चरण**

सक्रियता चरणमा प्रवेश गरेपश्चात स्थानीय विपद् व्यवस्थापन समितिले सेभ द चिल्ड्रेन, सामाजिक विकास मञ्च र नेपाल रेडक्रस राप्ती सोनारी उपशाखाको सहयोगमा तोकिएका कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

- बाढीको सम्भावित जोखिमताबाट मानिसहरु कसरी बच्ने, सम्पति र महत्वपूर्ण कागजातलाई कसरी बचाउने भन्ने जानकारीसहितको सूचना संप्रेषणलाई निरन्तरता दिने
- स्थानान्तरण सम्बन्धि सबै कार्यहरु गर्ने
- नगद वितरण गर्ने

*नोटः नगद तथा सामग्री वितरण कार्य गाउँपालिकाले आफ्नो विपद् कोषमा उपलब्ध वा विनियोजित बजेटबाट गर्नेछ र अपुग सामग्री र नगद सहायताको लागि सेभ द चिल्ड्रेन, सामाजिक विकास मञ्च, बाँके, रेडक्रस र स्थानीय संघसंस्थासंग समन्वय र सहकार्य गर्नेछ ।*

## ८.३ अनुगमन तथा मुल्याङ्कन

राप्ती सोनारी गाउँपलिकामा बाढी पूर्वकार्यको सन्दर्भमा अनुगमन तथा मुल्याङ्कन तीन चरणमा गरिने छ ।

१. बाढी पूर्वकार्य तत्परता चरणमा प्रवेश गरेपश्चात सम्बन्धित पूर्वकार्यहरु र सक्रियता चरणसँग समन्धित सम्पूर्ण तयारी तथा कार्यान्वयन अनुगमन
२. ३,४ हप्ता पछाडि वितरण पश्चातको अनुगमन
३. ३, ४ हप्ता पछाडि पूर्वकार्यको प्रभाव मुल्याङ्कन

# ९.गुनासो व्यवस्थापन संयन्त्र

यस बाढी पूर्वकार्य कार्ययोजना कार्यान्वयनको सन्दर्भमा गुनासो व्यवस्थापनको लागि स्थानीय तहको गुनासो व्यवस्थापन संयन्त्र लाई प्रभावकारी रुपमा प्रयोगमा ल्याइने छ। यसको अलवा सेभ द चिल्ड्रेन र सामाजिक विकास मञ्च, बाँकेको गुनासो सुनुवाई संयन्त्रलाई पनि प्रयोगमा ल्याइने छ।

## १०. लागत तथा बजेट व्यवस्थापन

| **क. स.** | **शिर्षक** | **अनुमानित लागत** | **जिम्मेवारी** | |
|---|---|---|---|---|
| | | | **स्थानीय तह** | **सेभ द चिल्ड्रेन / सामुदायिक विकास मञ्च** |
| १ | बाढी पूर्वकार्य कार्ययोजना निर्माण कार्यशाला | १८००००। | | १८००००। |
| २ | कृत्रिम घटना अभ्यास | ३०००००। | | ३०००००। |
| ३ | बाढि पूर्वकार्य कार्ययोजना कार्यान्वयन | ४३७०००००। | ५०००००। | ४८७०००००। |
| **जम्मा** | | **५३५०००००।** | **५०००००।** | **४८५०००००।** |

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत